बैठक संख्या : ३४ स्थान : राप्ती नगरपालिका-७, विरेन्द्रनगर
मिती : २०७५।०६।०१ गते समय : साझ ५ : ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

आमन्त्रित : जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

**बैठक संख्या : ३४** **मिति २०७५।०६।०१**

१. विषयगत शाखाहरुको कार्यक्रम सम्बन्धमा ।
२. संविधान दिवस मनाउने सम्बन्धमा ।
३. नगरपालिका स्थापना दिवस मनाउने सम्बन्धमा ।
४. इटाभट्टाहरुको नविकरण सम्बन्धमा ।
५. उपभोक्ता समिति गठन र अभिमूखीकरण गर्ने सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. ०७५/७६ को लागि तेस्रो नगर सभाबाट बजेट स्वीकृत हुदा शिक्षा स्वास्थ्य कृषि र पशुसेवा शाखाहरको लागि रु ५०/५० लाख बजेट विनियोजन भएको छ । विनियोजन बजेटबाट कार्यक्रम तयार गरी कार्यापालिका निर्णय गरी कार्यान्वियन गर्ने समेत निर्णय भएको हुँदा देहाय बमोजिम गर्ने सर्व सम्मत निर्णय गरियो ।

१. शिक्षा शाखाबाट पेश हुन आएको कार्यक्रमको देहायको प्रस्तावलाई सवीकृत गरी कार्यान्वियन गर्ने ।
२. स्वास्थ्य शाखाबाट पेश हुन आएको कार्यक्रम मध्य औषधी खरिद शिर्षकमा रहेको रु २२ लाख बजेट मध्ये ३ लाख रकम महामारी रो नियन्त्रण तथा अन्य आकस्मिक कार्य गर्ने शिर्षक राखी देहाय बमोजिम हुने गरी स्वीकृत गरी कार्यान्वियन गर्ने ।
३. कृषि शाखाबाट पेश हुन आएको कार्यक्रम मध्ये देहाय बमोजिम थपघट गरि नियम बमोजिम हुने गरी स्वीकृत गरी कार्यन्वयन गर्ने ।

| सि.नं. | वडा नं. | कार्यक्रमको नाम | घटाउने | बढाउने |
|---|---|---|---|---|
| १ | ५ | पूर्ण आई पि एम | २०००००। | |
| | ६ | आइ पिएम युक्त वडा घोषणा | ५०००००। | |
| | ९ | ७५ प्रतिशत अनुदानमा हाते ट्याक्टर | ३०००००। | |
| २ | | साना किसान सहकारी संस्था लि पिप्ले | | १००००००। |

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा संविधान दिव २०७५।०६।०३ गते मनाउने सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

१. रात्ती नगरपालिका प्रमुख ज्यूको संयोजकत्वमा राजनैतिक दल वडा अध्यक्ष कार्यपालिका सदस्य वडा सदस्य कर्मचारी बुद्धिजिवी क्याम्पस प्रमुख विद्यालय प्रधानध्यापक आदि रहेको समित गठन गर्ने ।
२. कार्यालयमाहरु ३ दिन दीपावली गर्ने र नगरवासीमा समेत अनुरोध गर्ने ।
३. २०७५।०६।०३ गते नगरपालिका कार्यालय एक कार्यक्रमको आयोजना गरी प्रवचन कार्यक्रम खेलकुद कार्यक्रम संचालन गर्ने ।

निर्णय ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगरपालिका कार्यालय र वडा कार्यालयहरुमा ३ दिन सम्म दीपावली गर्ने र नगरवासीमा समेत दिपावली गर्न अनुरोध गर्ने ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालयमा नविकरण दस्तुर बुझाएका देहायका इट्टा भट्टाहरुको नविकरण गरिदिन घरेलु तथा साना उद्योग कार्यालय भरतपुरमा लेखी पठाउने निर्णय गरियो ।